फोन गरेको


नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(अनुमतिपत्र महाशाखा)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल


पत्र संख्या: २०७८/७९ (अनुमतिपत्र)
चलानी नं.: ८६४

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय विद्युत विकास विभाग २०५०

मिति: २०७८/१०/१४

विषय:- स्यार खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र बारे।

**श्री बिगल्याण्ड हाईड्रोपावर कम्पनी प्रा. लि**
**काठमाडौं, नेपाल**
**सम्पर्क नं :०१-४४१०१६०, ९८०११३३४१६।**

प्रस्तुत विषयमा स्यार खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र (वि.वि.वि ०७४/७५ वि.उ.स ९२२) विद्युत ऐन, २०४९ को दफा ५ (३) तथा विद्युत नियमावली, २०५० को नियम २५ बमोजिम अनुमतिपत्र नवीकरण गराउनुपर्ने वा नियम १२ बमोजिम विद्युत उत्पादन अनुमतिपत्रको माग गरी अनुमतिपत्रको वहाल म्याद भित्रै विद्युत नियमावली, २०५० को नियम २४(२) बमोजिमको अनुमतिपत्र दस्तुर सहित दरखास्त दिनुपर्ने व्यवस्था रहेको तर उक्त म्याद मिति भित्र तहाँबाट पूर्ण दस्तुर सहित दरखास्त पेश गरेको नदेखिंदा प्रस्तुत अनुमतिपत्र रद्द हुने देखिएको र रद्द गर्नु नपर्ने कुनै कारण भए प्रमाण/आधार सहित स्पष्टीकरण पेश गर्नुहुन भनि पत्राचार भएको थियो। तत्पश्चात तहाँबाट पत्र मिति २०७८/०८/२८ मा बुझेको देखिछ तर हाल सम्म कुनै स्पष्टीकरण पेश नभएको परिपेक्षमा विद्युत ऐन, २०४९ को दफा ५ (३) तथा विद्युत नियमावली, २०५० को नियम २५ बमोजिम अनुमतिपत्र नवीकरणका लागि वा नियम १२ बमोजिम विद्युत उत्पादन अनुमतिपत्रको माग गरी अनुमतिपत्रको वहाल म्याद भित्रै दस्तुर सहित दरखास्त दिएको नदेखिएको हुनाले विद्युत ऐन, २०४९ को दफा ५ (४) बमोजिम उक्त अनुमतिपत्र (वि.वि.वि.०७४/७५, वि.उ.स. ८७४) स्वतः रद्द भएको व्यहोरा यस विभागको मिति २०७८/१०/१० को निर्णयानुसार जानकारी गराइन्छ।

१०/१४

(सुजन निरौला)
इन्जिनियर

**बोधार्थ:**

श्री उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय, सिंहदरबार ।
श्री विद्युत विकास विभाग
- आयोजना अध्ययन महाशाखा ।
- योजना वातावरण तथा आयोजना विकास सम्झौता महाशाखा ।
- आयोजना अनुगमन, सुविधा सिफारिश तथा विद्युत प्रणाली व्यवस्थापन महाशाखा।

श्री नेपाल विद्युत प्राधिकरण, दरबारमार्ग, काठमाडौं ।